REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 04.07.2026

## Pariyavaran Parva

सिक्किम पर्यावरण पर्व-२०२६ अन्तर्गत वन एवम् पर्यावरण विभाग, पाकिम प्रादेशिक प्रभागले आज बिरुवा वितरण, सामूहिक सरसफाइ तथा हस्ताक्षर अभियान आयोजन गऱ्यो।

शिक्षा मन्त्री राजु बस्नेतले कार्यक्रमको उदघाटन गर्दै जिल्लाका विभिन्न गाउँमा वितरणका लागि बिरुवा बोकेको सवारीसाधनलाई हरियो झण्डा देखाएर शुभारम्भ गर्नुभयो। उहाँले पर्यावरण संरक्षणमा सबैको सक्रिय सहभागिताको आवश्यकता रहने बताउनुभयो।

--------------------------------------X--------------------------------------

## Awareness Programme

वाणिज्य तथा उद्योग विभागअन्तर्गत सिक्किम उद्यमशीलता तथा आर्थिक विकास (सीड) सेल र जिल्ला उद्योग केन्द्र, मङ्गनले आज मंगन जिल्लाको तिङचिम चादे र पाक्सेपमा केन्द्र र राज्य सरकारका विभिन्न योजनाबारे एकदिने सचेतना कार्यक्रम आयोजना गऱ्यो।

--------------------------------------X--------------------------------------

## Puran Tamang received Ganga Prasad Award

वरिष्ठ पत्रकार पुरण तामाङ पादरी गङ्गा प्रसाद प्रधान स्मृति पत्रकारिता पुरस्कारले सम्मानित हुनुभएको छ। उहाँलाई गङ्गा प्रसाद प्रधानको एक सय पचहतरौं जन्मजयन्तीको अवसरमा यो पुरस्कार प्रदान गरिएको हो।

पादरी गङ्गा प्रसाद प्रधान स्मृति प्रतिष्ठान, सिक्किमद्वारा गान्तोकस्थित नरबहादुर भण्डारी सरकारी महाविद्यालयको सभागारमा आज आयोजित कार्यक्रममा स्वास्थ्य मन्त्री GT ढुङ्गेल प्रमुख अतिथि हुनुहुन्थ्यो। यस अवसरमा उहाँसहित विभिन्न क्षेत्रका पाँच विशिष्ट व्यक्तित्वलाई पनि समाजमा पुऱ्याएको योगदानका लागि सम्मान जनाइयो।

--------------------------------------X--------------------------------------

## SDM Inspects Landslide Site at Lachung

लाचुङको टिलिङ क्षेत्रमा हालै गएको पहिरोपछि चुङ्थाङका महकुमा अधिकारी अरुण छेत्रीले आज प्रभावित क्षेत्रको निरीक्षण गरी क्षतिको अवस्था र सडक सम्पर्कमा परेको प्रभावको मूल्याङ्कन गर्नुभयो। लाचुङ जुम्साका पिपोन पनि साथमा रहनुभएको निरीक्षण अवधि श्री छेत्रीले PMGSY-का सहायक अभियन्तालाई क्षतिग्रस्त सडकको तत्काल पुनर्स्थापना गरी यातायात चाँडो शुचारू गर्न निर्देशन दिनुभयो।

ग्रेफका प्रतिनिधिले आवश्यक उपकरणका साथ सड़क मार्गमा भरिएको माटो हटाएर सम्पर्क पुनः बहाल गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको जनाएको छ।

यसैबीच, ठेङ वार्डका पञ्चायत प्रतिनिधिसहित महकुमा अधिकारीले ग्रेफ अधिकारीहरूसँग प्रभावित क्षेत्रको निरीक्षण गरी तत्काल सफा गर्न आवश्यक रहेका पानी निकास प्रणालीको पहिचान गर्नुभएको छ। मनसुनको समयमा पहिरोको जोखिम न्यूनीकरणका लागि आवश्यक उपायबारे पनि छलफल गरियो।

जिल्ला प्रशासनले BRO, PMGSY, पञ्चायत तथा सम्बन्धित निकायसँग समन्वय गरी पुनर्स्थापना कार्यलाई तीव्रता दिएको जनाएको छ।

--------------------------------------X--------------------------------------

## SICUN

सिक्किम राज्य सहकारी संघ (सिकन)-ले आज आसाम लिङ्जेस्थित कार्यालयमा “शान्तिपूर्ण विश्वका लागि सहकारी” भन्ने मूल नाराका साथ एक सय चारौं अन्तरराष्ट्रिय सहकारी दिवस पालन गऱ्यो।

सिकनका अध्यक्ष डा. मंगलजित राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अन्य बाहेक सहकारी विभागका पञ्जियक KP शर्मा हुनुहुन्थ्यो।

कार्यक्रममा सहकारी आन्दोलनको महत्त्व र शान्ति, समावेशिता तथा दिगो विकास प्रवर्द्धनमा सहकारी संस्थाहरूको भूमिकाबारे प्रकाश पारिनका साथै नशा मुक्त भारत अभियानसम्बन्धी जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरियो।

सम्बोधनका क्रममा अध्यक्ष डाक्टर राईले आगामी जुलाई महिनाको अन्तिम सातासम्म रानीपूलमा सहकारी उत्पादन बिक्री केन्द्र स्थापना गरिने जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------

## Bailey Bridge Inaugurated

उत्तर सिक्किमको लोअर जङ्गुस्थित फी खोलामाथि निर्मित नयाँ बेली पुलको आज वन मन्त्री पिन्ट्सो नामग्याल लेप्चाले उदघाटन गर्नुभयो। अविरल वर्षाका कारण फी खोलाको जलस्तर बढ्दा छ दिनअघि पुरानो पुल बगाएको थियो। यस अवसरमा मन्त्री लेप्चाले नयाँ पुल निर्माणले क्षेत्रवासीलाई ठूलो राहत पुगेको बताउँदै यस सडकले सीमावर्ती क्षेत्रका साथै चुङ्थाङ, लाचेन र लाचुङसम्म पुग्न वैकल्पिक मार्गका रूपमा सेवा पुऱ्याउने उल्लेख गर्नुभयो।

---------------------------------------X---------------------------------------

## Governor

राज्यपाल ओमप्रकाश माथुरले आज राजस्थानमा आफ्नो पैतृक गाउँ बेडलमा स्वर्गीय माता-पिताको स्मृतिमा निर्माण हुन लागेको श्रीमती सज्जन कँवर-चाँद राजजी माथुर आदर्श विद्या मन्दिर उच्च माध्यमिक विद्यालयको नयाँ भवनको शिलान्यास गर्नुभयो।

विद्या भारतीसित सम्बद्ध यस विद्यालय भवनको सम्पूर्ण निर्माण खर्च माथुर परिवारले व्यक्तिगत रूपमा व्यहोर्ने जनाएको छ। यस अवसरमा राज्यपालले गुणस्तरीय तथा संस्कारयुक्त शिक्षाले मात्र समाज र राष्ट्र निर्माण सम्भव हुने बताउँदै विद्यालयले भावी पुस्तालाई शिक्षा र राष्ट्रभक्तिको संस्कार प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

## Bhanu Jayanti Soreng

सोरेङस्थित डाक बङ्गला अभियान्त्रिकी परिसरमा पालन गरिँदै गरेको २१२औँ राष्ट्रिय भानु जयन्ती समारोहको चौथो दिन आज विभिन्न कार्यक्रम सम्पन्न भयो। “भाषा, साहित्य विकास एवं जातीय सद्भावना” को नारासहित आयोजित कार्यक्रममा विधानसभा उपाध्यक्ष राजकुमारी थापा प्रमुख अतिथि हुनुहुन्थ्यो।

उहाँले भानु जयन्तीलाई राष्ट्रियस्तरमा पुऱ्याउन मुख्यमन्त्री प्रेमसिंह तामाङको योगदानको प्रशंसा गर्दै नेपाली भाषा र संस्कृतिप्रति गर्व गर्न सबैलाई आग्रह गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई जिम्मेवार र सभ्य नागरिक बन्न प्रेरित पनि गर्नुभयो।

कार्यक्रमअन्तर्गत अन्तरविश्वविद्यालय तर्क प्रतियोगिताको सेमिफाइनलमा कञ्चनजङ्घा राज्य विश्वविद्यालयले खरसाङ महाविद्यालय तथा सिक्किम विश्वविद्यालयले उत्तर बङ्ग विश्वविद्यालयलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेका छन्। उत्कृष्ट वक्ताका रूपमा भूपेन तिम्सिना र मन्दिरा रावतलाई चयन गरियो।

-------------------------------------X-------------------------------------